बकैया गाउँकार्यपालिकाको मिति २०७७।०७।२६ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. ढुङ्गा, गिट्टी, बालुवा लगायत नदिजन्य पदार्थ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विभिन्न खहरे खोलाहरुमा वर्षातको पानीका कारण खोलाको सतह माथि आएको र उक्त खोलाहरुको ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थ उत्खनन् नगरेमा आगामी वर्षातमा विपद् आईलाग्ने सम्भावना देखिएको तथा पालिका क्षेत्र भित्रको विकास निर्माणका लागि समेत उक्त नदिजन्य पदार्थहरुको आवश्यकता पर्ने हुँदा प्राविधिक स्टमेटको आधारमा हिरामुनी, सुनाचुरी, सुकौरा, सिमात र चम्पाखहरे खोलाको विभिन्न क्षेत्रहरु पहिचान गरि नदिजन्य पदार्थ उत्खननको लागि जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरलाई सिफारिश गर्ने तथा आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२. क्षतिपुर्ति माग गर्ने सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा शिवम् सिमेन्ट उद्योगको खानीका कारण यस गाउँपालिका क्षेत्र अन्तर्गत क्षति पुगेको कारण उक्त उद्योगबाट पालिकालाई क्षतिपुर्ति दिलाउन सरोकारवालाहरु सङ्ग छलफल गरेर प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै कान्तिपथ, फास्ट ट्र्याक, मदन भण्डारी लोकमार्ग लगायतका निकायसङ्ग पालिकाको विकास निर्माण तथा समन्वय सम्बन्धमा छलफल अगाडी बढाउने निर्णय गरियो ।

३. प्रहरी विट निर्माण सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका क्षेत्र अन्तर्गत सुरक्षाको प्रत्याभुति विस्तारका लागि वडा नं. १२ स्थित खोरभन्ज्याङ्गमा अस्थायी प्रहरी विट निर्माण गर्ने निर्णय गरियो ।

४. टेलिफोन टावरको भाडा सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कुन्चिपोकलमा रहेको टेलिफोन टावर वापतको भाडा नेपाल टेलिकमले गाउँपालिका स्थापना भए देखि नै उपलब्ध नगराएकोमा उक्त भाडा वापतको रकम अशुलको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. विद्युत विस्तारको बजेट विनियोजन सम्बन्धमा:

प्रस्तुत विषयमा छलफल गर्दा आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा गाउँपालिकाको विद्युत विस्तारका लागि रु. ७५,००,०००।- विनियोजन गरिएकोमा उक्त रकमलाई तपशिल अनुसार वडागत रुपमा विनियोजन गरि उपभोक्ता समिति मार्फत योजना सञ्चालनको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| वडा | विनियोजित बजेट रु. |
|---|---|
| १ | १२,००,०००।- |
| २ | ४,००,०००।- |
| ३ | ४,००,०००।- |
| ४ | ४,००,०००।- |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | |
|---|---|
| ५ | ४,००,०००।- |
| ६ | १०,००,०००।- |
| ७ | ४,००,०००।- |
| ८ | ४,००,०००।- |
| ९ | ४,००,०००।- |
| १० | २,००,०००।- |
| ११ | ६,००,०००।- |
| १२ | ६,००,०००।- |
| मौज्दात | ११,००,०००।- |
| जम्मा | ७५,००,०००।- |

**६. पर्यटन बजेट विनियोजन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा गाउँपालिकाको पर्यटन विकासका लागि रु. ५०,००,०००।- विनियोजन गरिएकोमा उक्त रकमलाई तपशिल अनुसार वडागत रुपमा विनियोजन गरि उपभोक्ता समिति मार्फत योजना सञ्चालनको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| कार्यक्रम तथा योजना | विनियोजित बजेट रु. |
|---|---|
| गौतम बुद्ध पर्यटन पार्क | १९,००,०००।- |
| बकैया ठाकुर पर्यटन पार्क | १४,००,०००।- |
| लटरम्मेश्वर महादेव मन्दिर | ७,००,०००।- |
| माझी सङ्ग्रहालय | १०,००,०००।- |
| जम्मा | ५०,००,०००।- |

**७. आर्थिक विकास शाखाको कार्यक्रम सञ्चालनका लागि वडा छनौट सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित आर्थिक विकास शाखाको कार्यक्रमहरुमध्ये तपशिल बमोजिमका कार्यक्रमहरुलाई तपशिल बमोजिम वडा छनौट गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| कार्यक्रम | कार्यक्रम सञ्चालन हुने वडाहरु |
|---|---|
| लागत साझेदारीमा बाख्रा प्रवर्द्धन | ३,४,५ |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुंढ, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | |
|---|---|
| कार्यक्रम | |
| बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | १,६,७,८,९,१०,११,१२ |
| ग्रामिण कुखुरा संरक्षण कार्यक्रम | ७ |
| स्थानीय तहमा सून्तला जात (सुन्तला, कागती, जुनार) विरुवां रोपण अभियान कार्यक्रम | सवै वडामा |
| राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | १,४,५,६,८,१० |

**८. गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**९. सार्वजानिक सूचना सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाईरस (कोभिड-१९) महामारीको सङ्क्रमण र जोखिम उच्च बन्दै गएको सन्दर्भमा आसन्न हिन्दु नेपालीहरुको महान चाड तिहारमा हुने भिडभाड, जमघट, रमाईलो तथा उल्लासका कार्यक्रमहरुले झनै कोभिड सङ्क्रमणलाई भयावह रुपमा फैलाउने एवम् सुव्यवस्थामा प्रतिकुल असर पर्ने देखिएकोकाले देउसी, भैलो, नाचगान जस्ता भिडभाड हुने कार्यक्रमहरु एवम् सुव्यवस्थामा खलल पर्ने कार्यहरु गर्न रोक लगाउने निर्णय गरियो ।

**१०. जाली भर्ने रकम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७७।०३।०५ गतेको निर्णय बमोजिम सम्भावित बाढी पहिरोवाट हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी हुने गरि बढीमा रु ५,००,०००।- को तारजाली खरिद गर्ने निर्णय गरिएकोमा बाढि पहिरोवाट पडित व्यक्तिहरुबाट माग भए बमोजिम थप जाली समेत खरिद गरिएकोमा सो लाई समेत अनुमोदन गर्दै उक्त जालीहरुमा ढुङ्गा भरे वापत प्रति घनमिटर रु १,०००।- रकम वडाको सिफारिश, डोर हाजिर फोटो लगायतका प्रमाणको आधारमा सम्बन्धित पिडितलाई विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

११. समपुरक तथा विशेष अनुदान माग गर्ने सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आ.व. २०७८।७९ मा कार्यान्वयन हुने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको लागि समपुरक तथा विशेष अनुदान माग गर्ने प्रस्ताव गर्ने निर्णय गरियो ।

समपुरक अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. बंदह पुल निर्माण, बकैया-८,९

२. माथिल्लो भिरकोट धियाँल बिजलडाँडा सडक, बकैया-७

३. जुरेली, थली घुम्ती सडक, बकैया-४,११

४. श्रीपुर सुधा गढवान सडक,, बकैया-५,६

५. भिरकोट कत्लेखोला सडक, बकैया-७

विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरु/कार्यक्रमहरु

१. हात्तीसुँडे डिप बोरिङ्ग वाटर सप्लाई एण्ड स्यानिटेशन

१२. एम्बुलेन्स खरिद सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा यस गाउँपालिकाको वडा नं. १०, ११ र १२ मा एम्बुलेन्स सेवा सञ्चालनका लागि १ थान एम्बुलेन्स खरिद प्रकृया अगाडी बढाउने साथै सो को खरिदमा भन्सार छुटको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अर्थ मन्त्रालय लगायत सम्बन्धित निकायहरुसङ्ग समन्वय गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner